परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १० ❑ अंक ३८ २०७९ बैशाख १८ गते आईतवार Sunday 1, MAY 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## सफरी र सफारीको ब्याट्री चोरीको आरोपमा ३ पक्राउ

विराटनगर । सफारी र सफारीको व्याट्री चोरी गरको आरोपमा विराटनगरवाट तीन जनालाई प्रहरीले पक्राउ गरका छन् ।



घटनाको विवरण अनुसार बिराटनगर महानगरपालिका वडा नं. ६ स्थितबाट चोरीमा संलग्न तीन जनालाई प्रहरीले शुक्रवार पक्राउ गरेको थियो । पक्राउ पर्नेमा बिराटनगर महानगर पालिका वडा नं. ८ को २२ बर्षीय मोहमद जुमन, वडा नं. ११ को ३४ बर्षीय मोहमद अन्सारुल र वडा नं. १२ को २२ बर्षीय पवन रविदास रहेका छन ।

वडा प्रहरी कार्यालय (क) बिराटनगरबाट खटिएको प्रहरी टोलीले बिराटनगर महानगरपालिका वडा नं. ६ स्थित रामपुर चौकमा सिटी सफारीमा प्रयोग हुने ५ थान ब्याट्री चोरी गरी को.२ ह ३६१० नम्बरको अटो टेम्पोमा लादै गरेको अवस्थामा तीनै जनालाई समान सहित पक्राउ गरेको थियो ।

त्यसैगरी अनुसन्धानको क्रममा वि.न. १ ह ००९३ नम्वर र को. १ ह ७८१८ नम्बरको दुई वटा सिटी सफारी समेत उनिहरुले चोरी गरेको खुल्न आएको हुँदा सिटी सफारी समेत बरामद गरी थप अनुसन्धान कार्य भई रहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

## प्रदेश १ को मन्त्री परिषद्को बैठक केही निर्णय गर्दै सम्पन्न

विराटनगर । प्रदेश नं. १ मन्त्रिपरिषद्को आज बसेको बैठकले केही बाधाअड्काउ फुकाउने लगायतका निर्णयहरू गरेको छ ।

मुख्यमन्त्री राजेन्द्रकुमार राईको अध्यक्षतामा बसेको बैठकले विद्यालयमा किशोरी सशक्तिकरण कार्यक्रम निर्देशिका, २०७९ स्वीकृत गरेको छ ।

प्रदेश नं. १ सरकारका प्रवक्ता एवं यातायात व्यवस्था तथा सञ्चार मन्त्री उपेन्द्रप्रसाद घिमिरेका अनुसार बाधा अड्काउ फुकाउने निर्णयपछि सम्बन्धित मन्त्रालयका मन्त्रीलाई लगानी प्राधिकरणको सदस्य बन्ने बाटो खुल्ने छ ।

त्यसैगरी किशोरी सशक्तिकरण कार्यक्रम निर्देशिका, २०७९ जारी पछि विद्यालयलक्षित किशोरी सशक्तिकरण कार्यक्रम अघि बढ्ने प्रदेश नं. १ सरकारका प्रवक्ता एवं यातायात व्यवस्था तथा सञ्चार मन्त्री घिमिरेले जानकारी दिनुभएको छ ।

## सुरक्षा व्यवस्था चुस्त वनाउन निर्देशन

विराटनगर । गृहमन्त्री बालकृष्ण खाँणले स्थानीय तह निर्वाचन स्वच्छ, निष्पक्ष र धाँधलीरहित रूपमा सम्पन्न गर्न सुरक्षा व्यवस्थामा कुनै कसर बाँकी नराख्न निर्देशन दिनुभएको छ ।

शनिबार आफ्नो अध्यक्षतामा आयोजित 'स्थानीय तह निर्वाचन सम्बन्धमा' सुरक्षा गोष्ठीमा गृहमन्त्री खाँणले निर्वाचन सम्पन्न हुने बेलासम्म देखिने सबै प्रकारका चुनौती उपलब्ध स्रोत र साधन उपयोग गरेर सामना गर्न तयारी अवस्थामा रहन निर्देशन दिएको थियो ।

उहाँले स्थानीय तह निर्वाचनका लागि भर्ना भएका म्यादी प्रहरीलाई आगामी दिनमा सुरक्षा निकायमा भर्ना हुँदा प्राथमिकतामा राख्न सुरक्षा निकायका प्रमुखलाई निर्देशन समेत दिएको थियो ।

गृह मन्त्रालयमा भएको गोष्ठीमा गृहसचिव टेकनारायण पाण्डे, नेपाली सेनाका रथी बालकृष्ण कार्की, नेपाल प्रहरीका महानिरीक्षक शैलेश थापा, सशस्त्र प्रहरी बलका महा निरीक्षक पुष्पराम केसी, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख यदुलाल खरेललगायत सहभागी थिए ।

भर्चुअल माध्यमबाट सबै जिल्ला सुरक्षा समितिका पदाधिकारी सबै प्रदेशका तीनै सुरक्षा निकायका प्रमुख पनि सहभागी थिए ।

## विराटनगर नाका जोड्ने मिरगंजपुल आंशिक रूपमा संचालन

विराटनगर । विराटनगर नाका जोड्ने भारतको बथनाहा स्थिति परमाण नदी स्थित निर्माणाधिन नयाँ चार लेनको पुल विहिबारदेखि आंशिक रुपमा संचालनमा आएको छ ।

मोरंग व्यापार संघले विगत लामो समय देखि मीरगञ्ज पुलको जीर्णोद्वारका लागि पटक पटक पहल गर्नुका साथै मोरङ-सुनसरी औद्योगिक कोरिडोरका औद्योगिक प्रयोजनका सवारी साधानहरुको चाप व्यवस्थापनका लागि उच्च क्षमताको नयाँ चार लेनको पुलको निर्माण गर्न भारत सरकारका विभिन्न निकायमा पहल गर्दै आएको थियो ।

संघका अध्यक्ष नवीन रिजालले विगत १६ वर्षदेखि नयाँ मीरगञ्ज पुल बन्ने काम ठप्प रहेको र उक्त कार्यलाई सूचारु गर्न र पुरानो जिर्ण अवस्थामा रहेको पुललाई मर्मत गर्न पहल गरी हाल आएर आंशिक रुपमा चालु भएको र केही दिनभित्रै पूर्णरुमा पुल संचालनमा आउने समेत बताएको छ ।

भारतबाट विराटनगर भन्सार कार्यालय आउने मालवाहक सवारी साधनहरु मीरगञ्ज पुल (पुरानो) अवरुद्ध भएका कारण भीमनगर-भन्टावारी नाका प्रयोग गर्दै आएका छन् । जसबाट नेपाली आयातकर्ताले प्रति सवारी साधन करिब रु. २५ हजार थप व्ययभार व्हेर्नु पर्ने बाध्यता रहँदै आएको छ ।

पुल संचालन गर्नका लागि अध्यक्ष नवीन रिजाल लगायतको टिमले भारतका सडक, राजमार्ग

वांकी ३ पेजमा...

## नेकपा विप्लवका नेता खतिवडा र डाँगी रिहा

विराटनगर । नेकपा विप्लव समूहका तत्कालिन मोरङ जिल्ला सेक्रेटरी कुमार खतिवडा रिहा भएका छन् ।

उनलाई जिल्ला अदालत मोरङले सोमबार धरौटीमा छोड्न आदेश दिएको थियो । २०७६ साल असोज १६ गते पक्राउ परेका खतिवडालाई संगठित अपराध विष्फोटक पदार्थ सम्बन्धी मुद्दा चलाइएको थियो ।

अढाई वर्षपछि सो मुद्दाको विषयमा फैसला गर्दै जिल्ला अदालत मोरङका न्यायाधिश किशोर घिमिरेको इजलाशले धरौटीमा छोड्न आदेश दिएको खतिवडाले बताए । खतिवडा सहित सोही मुद्दामा पक्राउ परेका अर्का नेकपाका नेता बालकुमार डाँगीसमेत रिहा भएका छन् ।

डाँगी मोरङ बुढीगंगाका ७ निवासी हुन् भने खतिवडा बुढीगंगा ४ का स्थायी बासिन्दा हुन् । उनीहरुलाई प्रहरीले मोरङको इक्राहीबाट पक्राउ गरेको थियो । पक्राउ परेका उनीहरुलाई डंग्राहाको बालकुमार डाँगीको घर छेउको खोलाबाट फेला परेको विष्फोटक पदार्थ ओसार पसारमा संलग्न भएको अभियोग लागेको थियो ।

अदालतले धरौटीमा छोड्न आदेश दिएसँगै उनीहरुले आफ्नो

वांकी ३ पेजमा...






क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

### विराटनगर...

मन्त्री, अररियाका डी.एम., फोरबेशगञ्जका एस.डी.ओ., पटनाका कस्टम्स कमिश्नर, नेश्नल हाईवे अथोरिटी अफ इण्डीयाका अधिकारीहरु लगायत विभिन्न निकायमा पहल गर्दै आएको थियो ।

संघले जोगबनी सम्मको बैकल्पिक मार्गका लागि अररियाका डि.एम. सहित फोरबेशगञ्जका एस.डी.ओ., एन.एच.ए.आई., सडक विभाग लगायतसँग स्थलगत भ्रमण समेत गरेको थियो । साथै, भत्किएको मिरगंज पुलको स्थलगत भ्रमणपछि पनि पुलको पूर्ण निर्माण तथा बैक्लपिक मार्ग संचालनका लागि समेत संघका अध्यक्ष रिजालले भारत सरकारसँग दबाव दिदै आउनु भएको थियो ।

त्यसैगरी संघका पूर्व अध्यक्ष महेश कुमार जाजु, भारत गएको नेपालको प्रधानमन्त्रीसँगको टोलीमा सहभागी हुनु भई सो पुलको निर्माणका लागि ध्यानाकर्षण गराउनु भएको थियो ।

### नेकपा...

राजनीतिक यात्रा नेकपा विप्लप समूहमै रहेर निरन्तर गर्ने बताएका छन् । 'हामी राजनीतिक प्राणी हौं, त्यही पार्टीको नामबाट हामीलाई पक्राउ गरी अढाई वर्ष जेलमा राखियो, अहिले त्यो पार्टी छोड्दिँदैन, राजनीतिक काममा लाग्छौं,' खतिवडाले भने । खतिवडा बुढीगंगा ४ का लोकप्रिय र बौद्धिक युवा नेता मानिन्छ ।

## खोलामा वेपत्ता भएको बालिका मृत फेला

विराटनगर । सशस्त्र प्रहरीको गोताखोर टोलीले मोरङको बूढीगंगा गाउँपालिका-२ स्थित बूढी खोलाबाट बालिकाको शव निकालेको छ ।

मजुलम मियाकी ८ वर्षीया छोरी रुसिना खातुन पौडी खेल्ने क्रममा हिजो दिउँसो बूढी खोलामा बेपत्ता भएकी थिइन् ।

बालिकाको खोजीमा सशस्त्र प्रहरी निरीक्षक दिवस न्यौपाने र सहायक निरीक्षक लेखजंग कार्कीसहितको गोताखोर टोली परिचालन गरिएको थियो ।

टोलीले मृत फेला पारेर बालिकाको शव खोलाबाट साँझ ६:४५ बजेतिर



बाहिर निकालेको सशस्त्र प्रहरी बल मोरङका प्रमुख एसपी राजकुमार लामिछानेले बताउनु भयो ।

उहाँका अनुसार दिदी सुहाना खातुनसँगै पौडी खेल्न पसेका बेला रुसिना खोलामा बेपत्ता भएकी थिइन् । सुहाना भने बाहिर निस्कन सफल भएकी थिइन्


### डढेलोबाट बचौं र बचाऔं

*- सलाई लाइटर जस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,*

*- जंगलमा सलाई तथा लाइटरको प्रयोग नगरौं, गर्ने पर्ने भए सावधाकनीपूर्वक गरी राम्रो गरी निभाओं,*

*- वन जंगलमा धुम्रपान नगरौं,*

*- हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्कछ ।*

*- जन, धन र वनको संरक्षण गरौं,*

*संचेत बनौं, डढेलोबाट आफू पनि बचौ र अरुलाय पनि बचाऔ ।*

**नेपाल सरकार, विज्ञापन बोर्ड**



### विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातातै फोहोरमैला नफालौं ।


## यी हुन गर्मीका ६ तरकारी

गर्मी मौसममा खान पानमा अलिकता लापर वाहीले पनि बिरामी पर्ने सम्भावना हुन्छ । जाडो मौसमको तुलनामा गर्मीमा पाचन शक्ति कमजोर हुन्छ । यस्तो बेला बढी तारेको या मसालायुक्त खाना धेरै खानुहुँदैंन । फुड प्वाइजनको समस्या हुने पनि यही मौसममा हो । त्यसैले यो मौसममा हल्का या सजिलै पच्ने खालको खाना खानुपर्छ । गर्मीमा यी तरकारी खानु उपयोगी मानिन्छ :

१. लौका

लौकामा करिब ९६ प्रतिशत पानी हुन्छ । सलादमा काँक्रोले काम गरेजस्तै यसले तरकारीमा पनि त्यस्तै काम गर्छ । लौका चिसो खालको तरकारी हो । यसले कलेजो स्वस्थ राख्न मद्धत गर्छ । क्यालोरी कम हुने भएकाले सजिलै पचाउन सकिन्छ । गर्मी मौसममा यसले पेट सफा पार्छ । ग्यास बन्न दिँदैंन । फाइबर पनि हुने हुनाले अल्सर, पायल्स र ग्यास्ट्रिकका रोगीका लागि लाभदायी हुन्छ ।

२. प्याज

गर्मी मौसममा प्याज वरदान नै हो । यसमा भिटामिन सी, भिटामिन बी ६ र म्याङगनिजको मात्रा भरपूर हुन्छ । यसका अलावा क्याल्सियम, आइरन, फोलेट, म्याग्नेसियम, फस्फोरस र पोटासियम पनि पाइन्छ । यसमा क्वेरसेटिन नामक एन्टीअक्सिडेन्ट पनि हुन्छ । यो मौसममा काचो प्याज खानाले लू पनि लाग्दैन । यसलाई तरकारीको रुपमा मात्र नभई काचै सलादका रुपमा खान सकिन्छ ।

३. करेला

स्वादमा तीतो भएपनि करेला स्वास्थ्यका लागि निकै लाभदायी मानिन्छ । यो सजिलै पच्छ । यसमा फस्फोरस पाइने भएकाले कफको समस्या हटाउन पनि मद्धत गर्छ । यसका साथै प्रोटीन, क्याल्सियम, कार्बोहाइड्रेट, फस्फोरस र भिटामिन पाइन्छ । करेलाले पाचनशक्ति मजबूत पार्ने भएकाले भोक पनि जगाउछ । यो चिसो खालको तरकारी भएकाले गर्मी मौसममा उपयोग गर्नु राम्रो मानिन्छ ।

४.हरियो सिमी

हरियो सिमीले पनि शरीरलाई आवश्यक पोषक तत्व प्राप्त हुन्छ । यसमा पर्याप्त मात्रामा भिटामिन ए, सी र बी ६ पाइन्छ । यो फोलिक एसिडको पनि राम्रो स्रोत हो । यसका अलावा क्याल्सियम, सिलिकन, आइरन, म्याङनिज, बिटा क्यारोटिन, पोटासियम र कपर तत्व पनि सिमीमा पाइन्छ । पर्याप्त मात्रामा एन्टीअक्सिडेन्ट पाइने भएकाले पनि यसले शरीरमा रोग प्रतिरोधी क्षमतामा वृद्धि गर्छ । कोशिकाहरुको क्षति ठीक गरी नयाँ कोशिका निर्माण गर्न पनि मद्धत गर्छ ।

५. फर्सी

फर्सी खनिज तत्वले भरपूर हुन्छ । यसले शरीरबाट विषाक्त पदार्थ बाहिर निकाल्छ भने एसीडीटी हटाउन र तौल कम गर्न मद्धत गर्छ । यसको बियाँले प्रोस्टेट क्यान्सरका बिरामीलाई फाइदा पुग्छ । यसमा आइरन, म्याग्नेसियम, सेलेनियम र फस्फोरस हुन्छ । गर्मी मौसममा पेट गडबड हुनेहरुका लागि यो निकै राम्रो खाद्यपदार्थ हो ।

६. गोलभेंडा

दिनुहँ एउटा गोलभेंडा खाने हो भने धेरै खालका रोगबाट बच्न सकिन्छ । यसमा भिटामिन ए र सी, फोलेट, पोटासियम, फाइबर र सबै खालका एन्टी अक्सिडेन्ट पाइन्छ । गोलभेंडा खानाले शरीरको रोगप्रतिरोधी क्षमता मजबूत हुन्छ भने रक्तचाप पनि नियन्त्रणमा आउँछ । त्यसैले मुटुका रोगीका लागि यो निकै उपयोगी मानिन्छ ।


छोरा छोरीमा भेदभाव नगरौ । छोरा छोरी दुबैलाई अनिवार्य विद्यालय पठाऔं ।



### अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

#### हाम्रो सेवाहरु :-

- ★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
- ★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
- ★ जनरल फिजिसियन सेवा
- ★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
- ★ Minor & Major surgery सेवा
- ★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
- ★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
- ★ 24 Hours Emergency सेवा
- ★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
- ★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
- ★ इनफर्टिलिटी क्लिनिक सेवा
- ★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

### विचार गरेर मतदान गरौं

*स्थानीय तहको निर्वाचय बैशाख ३० हुन गई रहको छ । लोकतान्त्रिक गणतन्त्र व्यवस्था आए पछिको दोस्रो स्थानीय निर्वाचन हो । पाँच वर्षको लागि नेताहरुलाई हामीले मताधिकार दिएर स्थानीय तहको विकास समृद्धिको लागि पठाएको थियौं । जुन इच्छा र अकाक्षाले मताधिकार दिएर पाठाएका थियौं । सो अनुरुपमा जनताको जनप्रतिनिधीहरुले काम गर्न सकेनन् । जनताका भावना विपरी विकास र समृद्धि सट्टा स्थानीय तहमा भ्रष्टाचार, कमीसन, नाता गोताको नियुक्ती लगायत गरेको सवैलाई सर्व विदितै छ । तर पनि धेरै जसो ठाउँमा सोही अनुहारलाई पार्टी नेतृत्वले टिकट दिनु दुर्भाग्य रहको छ । पार्टी पंक्तीले गरेको गल्तीलाई आम नेपाली जनताले सच्याउनु जरुरी छ । आफ्नो मताधिकारलाई सही ठाउँमा रोजेर असल जनप्रतिनिधीलाई विजय गराउन अव जनताको पालो फेरी आई सकेको छ त्यसको सवैले भरपुर सद्उपयोग गर्नु पर्छ ।*

*राजनीतिक पार्टीहरुले जस्तो सुकै उम्मेदवारलाई टिकट दिएपनि आम स्थानीय तहका जनताले राजनीतिक दल नहेरी उम्मेदवारलाई हेरेर भोट दिन जरुरी छ । यस पालिको चुनाउमा प्रायः जसो स्थानीय तहमा पार्टीकै नेताहरुले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । ती मध्येवाट असल उम्मेदवारलाई हामी नेपाली जनताले छनौट गरी स्थानीय तहमा विकास र समृद्धिका कामहरु गर्नेलाई विजय वनाउन आवश्यक छ । सामाजिक दायित्व भएका जिम्मेवार नेता, असल जनतको कार्यकर्तालाई मतदान गरे मात्र देशमा विकास र समृद्धि हुने छ ।*

*स्थानीय तहको चुनावमा आम नेपाली जनताले कुनैपनि स्वार्थमा लाग्नु हुँदैन । अहिले स्वार्थ, लोभ, लालचमा लागेमा फेरी पनि पाँच वर्ष दुःख पाउने निश्चत छ । त्यसैले आफ्नो मताधिकारलाई प्रयोग गर्दा अरुले भनेर, अरुले नास्ता खाएर वा अरुसंग पैसा लिएर प्रयोग गर्नु भन्दा पनि मनले भनेका उम्मेदवारलाई जिताऔं र स्थानीय तहलाई समृद्ध वनाऔं ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# गठबन्धनको गाँठोमा कस्सिदै महिला उम्मेदपार

सामान्यतः स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष भन्ने वित्तिकै महिला प्रतिनिधिको चित्रण हुने गर्दछ । यसको श्रेय २०७४ को स्थानीय तहको चुनावले ल्याएको परिवर्तनलाई लिन सकिन्छ । व्यवस्था परिवर्तनको लागि महिलाहरूले गरेको संघर्षपूर्ण बलिदानको फलस्वरुप ७५३ स्थानीय तहमा ४०.९६ प्रतिशत महिलाले चुनाव जिते ।

उपप्रमुख तथा उपाध्यक्षमा ९२.९६ प्रतिशत स्थान ओगट्न सफल भए । पुरुषहरू उपाध्यक्ष तथा उपप्रमुखको पदमा अपवाद भए । यसलाई महिलाहरूको लागि सुखद् उपलब्धिको रूपमा हेर्न सकिन्छ । त्यसैले पनि ‘उप’ भन्ने वित्तिकै महिला जनप्रतिनिधिको चित्रण हुनु स्वाभाविक हो ।

दक्षिणएशियामा महिलाहरू यसरी निर्वाचित भएर आउनु र नेपालले महिला नेतृत्वमा गरेको अभ्यास अन्य मुलुकको लागि अनुकरणीय रह्यो । दलित महिला सहितको सहभागिताले अझ लैंगिक समावेशीकरणको क्षेत्रमा नेपाल नमूना बन्न पुग्यो । तर, वैशाख ३० गतेको चुनावपछि यो पहिचान गुम्ने खतरा छ । प्रमुख पदमा महिला योग्य हुँदाहुँदै पनि उठ्न नपाउने र गठबन्धन भएको स्थानमा उप-पदमा पनि नपाउने अवस्था देखिन्छ ।

वैशाख ३० गतेको चुनाव २०७४ जस्तो नरहने खतरा छ । सत्ता साझेदार पाँचदलीय गठबन्धनको प्रभावले प्रत्यक्ष रूपमा महिला सहभागिता न्यून हुने देखिन्छ । स्थानीय तहको निर्वाचनमा उम्मेदवार छनोटका आधारमा कम्तीमा ५० प्रतिशत महिला सुनिश्चित गर्ने आधार देखिन्न । एमालेले पनि राप्रपा नेपालसँगको चुनावी तालमेल गर्दा महिलालाई ५० प्रतिशत सुनिश्चित गर्ने आधार देखिन्न ।

अघिल्लो चुनावमा सबै दलहरूले स्थानीय तहको प्रमुख वा उप-प्रमुख पदमा महिलालाई उम्मेदवार बनाएको कारणले पनि महिला जनप्रतिनिधिहरूले निर्वाचित हुने अवसर पाएका थिए । तर, चुनावी गठबन्धनले महिला सहभागिता चुनौतीपूर्ण रहनेछ । गठबन्धनको साझा उम्मेदवारको रूपमा महिलालाई प्रमुख पदमा अवसर पाउने सम्भावना न्यून प्रायः देखिन्छ साथै उप-पदमा साझा उम्मेदवार बन्ने सम्भावना पनि कमजोर हुने देखिन्छ ।

उपप्रमुख तथा प्रमुखको रूपमा स्थानीय तहमा निर्वाचित भएर सफलकाल बिताएका महिला नेताहरूले प्रमुख पदमा दावी नभइरहेको होइन तर त्यसलाई नेतृत्वले खासै महत्व दिएको देखिन्न । वैशाख ११ र १२ गते उम्मेदवार मनोनयनमा महिला जनप्रनितिधिहरूको सहभागिता कस्तो हुने हो निश्चित हुनेछ ।

गठबन्धन भित्र शक्ति व्यवस्थापन किचलो बनिरहेको सन्दर्भमा पनि महिला प्रतिनिधिहरू छायाँमा पर्ने स्वाभाविक रूपमा देखिन्छ । गठबन्धनले भागबण्डा गरेको महानगरपालिका तथा उपमहानगरपालिकामा एउटै पार्टीले उम्मेदवारी पाएको देखिंदैन । यसले महिला सहभागितालाई चुनौती थपेको छ । नगरपालिका तथा गाउँपालिकामा पनि यसको प्रभाव देखिने हो भने त गठबन्धन महिला सहभागिताको लागि प्रत्युत्पादक हुनेछ ।

गठबन्धनले भागबण्डा गरेको महानगरपालिका तथा उपमहानगरपालिकामा एउटै पार्टीले उम्मेदवारी पाएको देखिंदैन । यसले महिला सहभागितालाई चुनौती थपेको छ । नगरपालिका तथा गाउँ पालिकामा पनि यसको प्रभाव देखिने हो भने त गठबन्धन महिला सहभागिताको लागि प्रत्युत्पादक हुनेछ ।

स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा १७ मा उम्मेदवारी दर्ता गर्ने प्रक्रियामा एक जना महिला प्रमुख वा उपप्रमुख, अध्यक्ष वा उपाध्यक्ष र जिल्ला समन्वय समिति प्रमुख वा उपप्रमुखमा ५० प्रतिशत सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । तर दलले प्रमुख वा उपप्रमुखमध्ये एक मात्र पदमा उम्मेदवारी दिएको अवस्थामा महिला उम्मेदवार हुनुपर्ने बाध्यता रहँदैन । कानुनको ‘तर’ शब्दको फाइदा लिने दाउमा पुरुष नेताहरूको सक्रियता देखिन्छ । नैतिक रूपमा पनि कानुनको ‘तर’ शब्दको फाइदा लिनु व्यावहारिक नहुन सक्छ ।

उम्मेदवारी छनोटको आधारमा महिला हुनुपर्ने कुनै पनि बाध्यता नभएकाले र गठबन्धन भित्र पुरुष नेतृत्वको हावी भएकाले पनि महिलाहरूको नेतृत्व सकसपूर्ण रहनेछ ।

प्रश्न महिलाहरू नेतृत्वको लागि सक्षम छैनन् ? अपुष्ट जानकारी अनुसार, के महिलाले आर्थिक सहयोग गर्न असमर्थ रहेर वा नेताको चाकरी गर्न नसकेर योग्य छैनन् ?

सकस, चुनौती र अन्योलपूर्ण रहेको पाँचवर्षे कार्यकालमा महिला जनप्रतिनिधिहरूको भूमिका प्रशंसनीय नै रह्यो । पद भएर पनि अधिकारविहीन भएर उपप्रमुख तथा उपाध्यक्षले गरेको कार्यको उच्च मूल्यांकन हुनुपर्दछ ।

मोरङमा पनि उपप्रमुख वा उपाध्यक्ष भएर उल्लेखनीय कार्य गरेका महिला प्रतिनिधिहरू नभएका होइनन् । विराटनगर महानगरपालिकाको उपप्रमुख इन्दिरा कार्की छिन् । उनको पहलमा विराटनगर महानगर पालिकाले ‘छोरी बचाऔं, छोरी पढाऔं’ अभियान सञ्चालन गर्‍यो ।

पहिलो सन्तान छोरी जन्माउनेलाई प्रोत्साहन स्वरुप उपमेयर कार्यक्रम मार्फत ३ हजार दिने व्यवस्था गरियो । त्यति मात्र होइन सोही आमाबाट पुनः छोरी नै जन्मिए उच्च शिक्षाको लागि १८ वर्षपछि मुद्दती खातामा २५ हजार रुपैयाँ राखिदिने व्यवस्था पनि गरियो । धेरैले यसको लाभ लिए ।

महिला हिंसा अन्त्य गर्नको लागि यो प्रयासलाई सम्मान गर्नैपर्दछ । स्थानीय तहमै बसेर न्याय सम्पादन गर्ने सवालमा महिला नेतृत्वको भूमिका प्रभावकारी देखियो । यदि पुरुषहरू उपप्रमुख वा उपाध्यक्ष जिम्मेवारीमा आए महिला हिंसालाई अन्त्य गर्न र स्थानीय तहमै न्यायिक निरुपण गर्न तुलनात्मक रूपमा पुरुषहरूको भूमिका कम हुनेछ ।

बेलबारीकी उपमेयर ढाका कुमारी पराजुलीले न्यायिक समिति मार्फत २ हजार ४५० भन्दा बढी मुद्दाहरू स्थानीयस्तरमै समाधान गरिन् । उनी आफ्नो नेतृत्वमा ५३ जना सडक मानवलाई व्यवस्थापन गरेर मानवरहित सडक बनाएको दावी गर्छिन् । सडक सञ्जाललाई विस्तार गर्ने नेतृत्वमा मिक्लाजुङ गाउँपालिकाको उपाध्यक्षको भूमिका पनि उल्लेखनीय छ । सबै वडामा सडक सञ्जाल बनेको उनी बताउँछिन् ।

त्यस्तै सुनवर्सी नगरपालिकाकी उपमेयर मञ्जु राई पनि आफ्नो नगरमा बालविवाह अन्त्य गर्न, सम्बन्धविच्छेदलाई नियन्त्रण गर्न अभियान चलाएको बताउँछिन् । १५ वर्षमा बालविवाह गर्ने प्रचलनलाई अन्त्य गरी बालविवाह रोक्ने अभियानमा तीन वटा बालविवाह रोकिन् । २० वर्षपछि मात्र विवाह गर्ने शर्तमा धेरै विवाह रोकेको उनको दावी छ । मदिरा सेवनलाई न्यूनीकरण गरी महिला हिंसा रोक्न विशेष अभियान सञ्चालन गरेको उनी बताउँछिन् ।

तसर्थ महिला नेतृत्वले समाजको रूपान्तरण, सामाजिक न्यायको लागि खेलेको भूमिका प्रशंसनीय छन् ।

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

## रामधुनीलाई समृद्ध बनाउने अभियानमा : उम्मेदवार अधिकारी

रामधुनी : बैशाख ३० गते हुन लागेको स्थानीय तह निर्वाचनमा रामधुनी नगरपालिका मा कांग्रेस बाट मेयरका उम्मेदवारी दिएका सुदीप अधिकारीले नगरभित्रको बेथिति सुधार गर्दै समृद्ध रामधुनी बनाउने बताएका छन् ।

रामधुनीमा राजनीतिक रुपमा नगर भएपनि आर्थिक विकासका आधारमा अझै नगर जस्तो नभएको बताए । अज सञ्चारकर्मी सँग कुरा गर्दै अधिकारीले नगरभित्रका अनेकौं आर्थिक विसङ्गतिहरू रहेकोले आफूले जिते त्यसलाई सुधारेर अघि बढ्ने बताए । उनले राम्रो काम गर्नेलाई पुरस्कार र नराम्रो गर्नेलाई दण्डित गरिने बताए ।

मेयरको उम्मेदवार अधिकारीले करको विद्यमान दायरालाई फराकिलो बनाउँदै रामधुनीको विकासमा संघ र प्रदेशसँग सहकार्य गरेर स्रोत परिचालन गरिने बताए ।

अधिकारीले पाँच वर्षमा रामधुनीमा अस्पताल, शिक्षा क्षेत्रमा सुधार, विपन्न समुदायका बालबालिकालाई शिक्षामा सहज पहुँच, खाली जग्गाहरूमा बिभिन्न संरचना निर्माण, रामधुनी मन्दिरको प्रचारप्रचार, बिभिन्न जातिको धार्मिक तथा संस्कृतिको सङ्ग्रहालय निर्माणमा आफ्नो जोड रहने बताउनुभयो ।

उहाले आफ्नो उम्मेदवारी नगरवासीमा खुसी ल्याउनका लागि भएको बताइन् । साथै कुलतमा फँसेका युवाहरूलाई समाजको राम्रो बाटोमा डोऱ्याउनका लागि भूमिका खेल्ने समेत अधिकारीले बताउनुभयो ।

उनले आफ्नो उम्मेदवारी रामधुनीमा युवा रोजगारीमा वृद्धि गर्न आयआर्जनको बाटोहरू पहिचान गर्ने र बेरोजगार जनशक्तिलाई रोजगारीमूलक तालिम दिएर लघु उद्यमशीलताको विकास गर्ने समेत बताउनुभयो ।

## निषेधित लागुऔषध सहित चार पक्राउ

बिराटनगर । मोरङ र सुनसरीको छुट्टा छुट्टै दुई स्थानबाट निषेधित लागुऔषध सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

विहीवार दिउँसो बिराटनगर महानगरपालिका वडा नं. १५ स्थितमा चेक जाँचको क्रममा लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले भारत जोगवनीबाट नेपाल आउदै गरेका मोरङ बेलबारी नगरपालिका वडा नं. ३ का ३८ बर्षीय सतिष कुमार सुवेदीलाई पक्राउ गरेको थियो ।

पक्राउ परेको सुवेदीको साथबाट लुपिजेसिक-७ एम्पुल, एभिल ७ एम्पुल, डाईजेल्याब ७ एम्पुल र फेनरगन ७ एम्पुल सहित बरामद गरेको थियो । त्यसै गरी सुनसरीको बराहक्षेत्र-४ स्थितमा अस्थायी प्रहरी चौकी नडाहाबाट खटिएको प्रहरी टोलीले चेक जाँचको क्रममा को.३६प ७६०३ नम्बरको मोटरसाईकलमा सवार रहेका भारत बिहारका ४० बर्षीय जमिर मन्सुरी र देवानगंज-४ सुनसरीका ४० बर्षीय भुवनेश्वर मेहतालाई पक्राउ गरिएको थियो ।

मनसुरी र मेहताको साथबाट लुपिजेसिक ४० एम्पुल, डाइजेपाम ४० एम्पुल, फेनारगन ४० एम्पुल, एभिल ४० एम्पुल, ट्रामाडोल ११०० क्यापसुल बरामद गरेको थियो ।

त्यसैगरी तेह्रथुमको लालिगुरास नगरपालिका वडा नं. ४ बसन्तपुरबाट लागुऔषध ब्राउनसुगर सहित १ जनालाई प्रहरीले पक्राउ गरेको थियो ।

पक्राउ पर्नेमा टुटेदेउराली का ३० बर्षीय राम गुरुङ रहेको छ । विहीवार बिषेश सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय तेह्रथुमबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा गुरुङले ना.४ ख ९२१० नम्बरको यात्रुबहाक बसको बनोटमा लुकाईछिपाई राखेको १ ग्राम ४४० मिलिग्राम ब्राउनसुगर बरामद गरेको थियो ।

प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित पक्राउ परेका गुरुङको जिल्ला प्रहरी कार्यालय तेह्रथुमबाट थप अनुससन्धान भईरहेको छ ।


### गाउँपालिकाको हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घरपरिसरमा कम्तिमा दुईवटा बहुवर्षिय रूख विरूवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौं ।
- अनुपति लिएर मात्र पसल, व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृति र भाषाको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौं । गाउँलाई सफा राखौं ।
- महिला हिंसा अन्त्यका लागि आ-आफ्नै गाउँबाट काम गरौं ।
- जेष्ठ नागरिकलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिका मोरंग प्रदेश नं. १



### हार्दिक बधाई तथा शुभकामना



जिल्ला मोरंग विराटनगर महानगरपालिका वडा नं. ८ प्रगती विनायक टोल निवासी डा. अमित शर्मा र मिर्चैया वडा नं. ९ सिरहा निवासी डा. सुमी ठाकुरको २०७९ साल बैशाख १४ गते बुधवारको दिन बैवाहिक जीवनमा बाधिएकोले वैवाहिक जीवनको सफलताको कामना गर्दै हार्दिक बधाई तथा मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नानी : गंगा देवी सुतिहार,
मामा/माईजु :- जयनारायण सुतिहार-राधादेवी सुतिहार, शिवनारायण सुतिहार-सरस्वती देवी सुतिहार, ललिता देवी सुतिहार, सुरेन्द्र प्रसाद सुतिहार-मंजु सुतिहार, घनश्याम सुतिहार-विमला सुतिहार, आनन्द सुतिहार-मंजु सुतिहार, श्याम सुन्दर सुतिहार-मंजु शर्मा, मौसा/मौसी : - बालेश्वर सुतिहार-लिला देवी सुतिहार, शिवलाल मिस्त्री-कला देवी सुतिहार, दाजु/भाउजू : संजय सुतिहार-पिंकी सुतिहार, अभिनाश सुतिहार, भाई/बहिनी अरुण सुतिहार, पंकज सुतिहार, धर्मेन्द्र सुतिहार, सचिन सुतिहार, श्रेय शर्मा, उपेन सुतिहार, मंजिल शर्मा, एवं समस्त सुतिहार परिवार

एवम्
क्राईम अपरेशन साप्ताहिक परिवार, विराटनगर

# प्राध्यापक संघको निर्वाचन गर्न माग

बिराटनगर। त्रिवि प्राध्यापक संघ महेन्द्र मोरङ क्याम्पस विराटनगरको एकाइ समितिको निर्वाचन नभएकोमा प्रगतिशील प्राध्यापक संगठनले भर्त्सना गरेको छ।

संघको कार्यकाल २०७८ साल मंसिरमा सकिएको र त्रिवि प्राध्यापक संघ केन्द्रीय समितिले माघ मसान्तभित्र एकाइ अधिवेशन अनिवार्यरूपमा गर्न पुस २५ गते नै परिपत्र गरेको थियो। तर विभिन्न बहानामा एकपछि अर्को गर्दै निर्वाचनलाई पछाडि धकेल्ने क्रियाकलाप गरेको भन्दै संगठनले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

संगठनका एकाइ उपाध्यक्ष मोहनकुमार श्रेष्ठद्वारा मंगलबार जारी विज्ञप्तिमा भनिएको छ 'आफ्नो समय समाप्त भैसकेपछि पनि नेपाल प्रजातन्त्रवादी प्राध्यापक संघको प्रतिनिधित्व गरी त्रिवि प्राध्यापक संघको एकाइ नेतृत्वमा रहेका साथीहरूले यसरी निर्वाचनको समय सार्दै जानुलाई हाम्रो संगठनले गम्भीर रूपमा लिएको छ।'

विज्ञप्तिमा अगाडि भनिएको छ 'आफ्नो संगठन भित्रको आन्तरिक कलहका कारण सम्पूर्ण प्राध्यापकहरूको भरोसा र आस्थाको रूपमा रहेको प्राध्यापक संघलाई मुर्छित बनाउने क्रियाकलापप्रति संगठन घोर निन्दा र भर्त्सना गर्दछ।'

नेकपा एमाले सम्बद्ध नेपाल प्रगतिशील प्राध्यापक संगठनद्वारा जारी विज्ञप्तिमार्फत वर्तमान प्राध्यापक संघ क्याम्पस एकाइको नेतृत्वका विरूद्ध संघर्ष गर्ने जनाइएको छ।

नेपाली कांग्रेस सम्बद्ध नेपाल प्रजातन्त्रवादी प्राध्यापक संघको नेतृत्वमा रहेको प्राध्यापक संघ एकाइ समितिले गत चैत १७ गते साधारणसभा बोलाएको थियो। सो साधारणसभामा गणपूरक संख्या नपुगेको भन्दै ११ दिन पछिका लागि चैत २८ गते पुनः साधारणसभा बोलाएको थियो। दोस्रो पटकमा पनि गणपूरक संख्या नपुगेको भनी तेस्रो पटकको लागि १३ दिनपछि वैशाख ११ गतेका लागि साधारणसभा बोलाएको थियो। तर तेस्रो पटकमा जति संख्या उपस्थिति भए पनि निर्वाचन समिति बनाएर निर्वाचनको मिति घोषणा नगरेको भन्दै प्राध्यापकहरूले नयाँ नेतृत्वका लागि तत्काल निर्वाचन गर्न माग गर्दै आएका छन्।

विराटनगरका स्नातकोत्तर क्याम्पसमा त्रिवि प्राध्यापक संघको एकाइ निर्वाचन भई डा. राजाराम थापाको नेतृत्वमा नयाँ समिति बनिसकेको छ भने त्रिविका प्राय सबै आङगिक क्याम्पसमा नयाँ नेतृत्व गठन भैसकेको छ।

# करेन्ट लागेर दुई जनाको मृत्यु

बिराटनगर। खोटाङ र मोरङको छुट्टा छुट्टै दुई स्थानमा करेन्टलागि दुई जनाको मृत्यु भएको छ।

शुक्रवार दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं. १ खोटाङका ३६ बर्षीय भिम बहादुर बि.क.लाई स्थानिय रुपेश बजिमय र अर्जुन के.सी.को घरमा काठको काम गरिरहेको अवस्थामा अचानक करेन्ट लागी घाईते भएका थिए।

घाईते बि.क.लाई तत्काल उपचारको लागी जिल्ला अस्पताल खोटाङ लगिएकोमा उपचारको क्रममा मृत्यु भएको थियो।

सोही दिन राती मोरङको केराबारी गाउँपालिका वडा नं. ८ स्थित महादेव क्रसरका कामदार स्थानिय २३ बर्षीय टंक लिम्वुलाई क्रसरमा रहेको इनारबाट मोटरले पानी तान्ने क्रममा करेन्ट लागि घाईते भएको थियो।

घाईतेलाई तत्काल उपचारको लागि स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरान लगिएकोमा अस्पताल पुऱ्याउनासाथ लिम्वुको मृत्यु भएको थियो। घटना सम्वन्धमा प्रहरीबाट थप अनुसन्धान भईरहेको छ।





## गाउँपालिकाको हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घरपरिसरमा कम्तिमा दुईवटा बहुवर्षिय रूख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौं ।
- अनुपति लिएर मात्र पसल, व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृति र भाषाको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौं । गाउँलाई सफा राखौं ।
- महिला हिंसा अन्त्यका लागि आ-आफ्नै गाउँबाट काम गरौं ।
- जेष्ठ नागरिकलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १


# आचारसंहिता पालना गर्न पत्रकार महासंघ झापाको अपिल

बिर्तामोड। नेपाल पत्रकार महासंघ झापा शाखाले आसन्न स्थानीय तह निर्वाचनमा पत्रकार आचारसंहिता र निर्वाचन आचारसंहिताको पालना गर्दै तटस्थ भूमिका निर्वाह गर्न सबै पत्रकारलाई आग्रह गरेको छ। आचारसंहिताको पालनाका लागि महासंघका सदस्य, सञ्चारकर्मी तथा सञ्चार माध्यमहरु सबैमा अपिल गरेको छ।

महासंघका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा विहीबार बिर्तामोडमा सम्पन्न १३ औं वैठकले आसन्न स्थानीय तहको निर्वाचनका सन्दर्भमा महासंघ तथा समग्र सञ्चार क्षेत्रले गर्नुपर्ने कार्य र जिम्वेवारीका बारेमा विभिन्न निर्णय गरेको छ।

वैठकपछि सचिव डिकेश लामाले विज्ञप्ति मार्फत निर्णय सार्वजनिक गरेका छन्। झापामा निर्वाचनका समयमा महासंघका सदस्यहरु, सञ्चार कर्मी तथा सञ्चार माध्यमहरु को भूमिकाको अनुगमन गरी यथार्थ विवरण संकलन गर्न महासंघको आचारसंहिता अनुगमन समिति गठन भएको छ।

समितिमा उपाध्यक्ष केशव भट्टराई संयोजक, सहसचिव अर्जुन राजवंशी तथा कार्यसमिति सदस्यहरु अच्युत सुवेदी, चिरञ्जिवी घिमिरे, सुनिरा मैनाली, स्वस्तिका आचार्य र विनोद पाण्डे सदस्य रहेका छन्। आचारसंहिता कार्यान्वयनको अवस्थाको नियमित अनुगमन गरी सो को प्रतिवेदन महासंघ झापाको कार्यसमिति र अनुशासन समितिलाई बुझाउन वैठकले अनुगमन समितिलाई निर्देश गरेको छ।

साथै नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको बैठकले महासंघका कुनै पनि संरचनामा रहेका पदाधिकारी वा सदस्यहरु स्थानीय तह निर्वाचनमा उम्मेदवार बनेमा संस्थाको विधानको मर्म र व्यवस्था अनुसार सोही समयदेखि कायम रहेको पदबाट स्वतः पदमुक्त हुन जाने भनी गरेको निर्णयको महासंघ झापा शाखाले स्वागत गर्दै उक्त निर्णय कार्यान्वयन गर्न अनुरोध गरेको छ।

पत्रकार तथा सञ्चारमाध्यम लाई निर्वाचन आचारसंहिता २०७८ को प्रतिकुल काम नगर्न महासंघले आह्वान गरेको छ।

निर्वाचन आचारसंहितामा सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले कसैको पक्ष वा विपक्षमा एसएमएस, फेसबुक म्यासेन्जर, ट्विटर, युट्युव र इन्स्टाग्राम जस्ता विद्युतीय माध्यमको प्रयोग गरी कुनै पनि सामग्री प्रकाशन, प्रसारण वा संप्रेषण गर्न तथा त्यस्ता सामग्री सामाजिक सञ्जालमा सेयर, लाइक, कमेन्ट वा प्रतिकमेन्ट गर्न नहुने उल्लेख छ। यो व्यवस्थाको पालना गर्दै सत्य, तथ्य, निष्पक्ष र तटस्थ सूचना संप्रेषण गर्ने पत्रकारको मूल दायित्वको हेक्का राखिदिन महासंघ सबैमा आग्रह गरेको छ।

त्यस्तै महासंघ झापा शाखाले विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा २० बैशाख २०७९ (३ मे २०२२) मंगलबारदेखि झापाको लखनपुरमा 'पत्रकारिताको बदलिँदो आयाम : अनलाइन पत्रकारिता, लेखन र समाचार कक्षको भूमिका' विषयक दुई दिने प्रशिक्षण सञ्चालन गर्ने निर्णय गरेको छ। प्रशिक्षणमा जिल्लाका क्रियाशील ३५ जना पत्रकार सहभागी हुनेछन्।

बिर्तामोड। नेपाल पत्रकार महासंघ झापा शाखाले आसन्न स्थानीय तह निर्वाचनमा पत्रकार आचारसंहिता र निर्वाचन आचारसंहिताको पालना गर्दै तटस्थ भूमिका निर्वाह गर्न सबै पत्रकारलाई आग्रह गरेको छ। आचारसंहिताको पालनाका लागि महासंघका सदस्य, सञ्चारकर्मी तथा सञ्चारमाध्यमहरु सबैमा अपिल गरेको छ।

महासंघका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा विहीबार बिर्तामोडमा सम्पन्न १३ औं वैठकले आसन्न स्थानीय तहको निर्वाचनका सन्दर्भमा महासंघ तथा समग्र सञ्चार क्षेत्रले गर्नुपर्ने कार्य र जिम्वेवारीका बारेमा विभिन्न निर्णय गरेको छ।

वैठकपछि सचिव डिकेश लामाले विज्ञप्ति मार्फत निर्णय सार्वजनिक गरेका छन्। झापामा निर्वाचनका समयमा महासंघका सदस्यहरु, सञ्चारकर्मी तथा सञ्चारमाध्यम हरुको भूमिकाको अनुगमन गरी यथार्थ विवरण संकलन गर्न महासंघको आचारसंहिता अनुगमन समिति गठन भएको छ।

समितिमा उपाध्यक्ष केशव भट्टराई संयोजक, सहसचिव अर्जुन राजवंशी तथा कार्यसमिति सदस्यहरु अच्युत सुवेदी, चिरञ्जिवी घिमिरे, सुनिरा मैनाली, स्वस्तिका आचार्य र विनोद पाण्डे सदस्य रहेका छन्। आचारसंहिता कार्यान्वयनको अवस्थाको नियमित अनुगमन गरी सो को प्रतिवेदन महासंघ झापाको कार्यसमिति र अनुशासन समितिलाई बुझाउन वैठकले अनुगमन समितिलाई निर्देश गरेको छ।

साथै नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको बैठकले महासंघका कुनै पनि संरचनामा रहेका पदाधिकारी वा सदस्यहरु स्थानीय तह निर्वाचनमा उम्मेदवार बनेमा संस्थाको विधानको मर्म र व्यवस्था अनुसार सोही समयदेखि कायम रहेको पदबाट स्वतः पदमुक्त हुन जाने भनी गरेको निर्णयको महासंघ झापा शाखाले स्वागत गर्दै उक्त निर्णय कार्यान्वयन गर्न अनुरोध गरेको छ।

पत्रकार तथा सञ्चारमाध्यम लाई निर्वाचन आचारसंहिता २०७८ को प्रतिकुल काम नगर्न महासंघले आह्वान गरेको छ।

निर्वाचन आचारसंहितामा सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले कसैको पक्ष वा विपक्षमा एसएमएस, फेसबुक म्यासेन्जर, ट्विटर, युट्युव र इन्स्टाग्राम जस्ता विद्युतीय माध्यमको प्रयोग गरी कुनै पनि सामग्री प्रकाशन, प्रसारण वा संप्रेषण गर्न तथा त्यस्ता सामग्री सामाजिक सञ्जालमा सेयर, लाइक, कमेन्ट वा प्रतिकमेन्ट गर्न नहुने उल्लेख छ। यो व्यवस्थाको पालना गर्दै सत्य, तथ्य, निष्पक्ष र तटस्थ सूचना संप्रेषण गर्ने पत्रकारको मूल दायित्वको हेक्का राखिदिन महासंघ सबैमा आग्रह गरेको छ।

त्यस्तै महासंघ झापा शाखाले विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा २० बैशाख २०७९ (३ मे २०२२) मंगलबारदेखि झापाको लखनपुरमा 'पत्रकारिताको बदलिँदो आयाम : अनलाइन पत्रकारिता, लेखन र समाचार कक्षको भूमिका' विषयक दुई दिने प्रशिक्षण सञ्चालन गर्ने निर्णय गरेको छ। प्रशिक्षणमा जिल्लाका क्रियाशील ३५ जना पत्रकार सहभागी हुनेछन्।

# संघको स्वदेशी बजार संरक्षण र ट्राफिक व्यवस्थापन




विराटनगर। मोरंग व्यापार संघले ट्राफिक प्रहरी कार्यालय विराटनगरलाई ट्राफिक व्यवस्थापनमा सहयोग पुऱ्याउने तथा स्वदेशी बजार प्रवर्द्धनमा समेत जोड दिने अभिप्रायले जनचेतनामुलक सन्देश सहितको स्टीकर टाँसिएका १०० थान रोड डिभाइडर हस्तान्तरण गरेको छ।

शुक्रवार मोरंग व्यापार संघको महिला उद्यम समितिकी संयोजक श्रीमती वन्दना जैनको संयोजकत्वमा विराटनगर बजारमा आयोजित स्वदेशी बजार संरक्षण एवं ट्राफिक व्यवस्थापन कार्यक्रम अन्तरगत संघका अध्यक्ष नवीन रिजालले जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी उपरीषक शान्तिराज कोइरालालाई सो सामग्रीहरु हस्तान्तरण गर्नु भएको थियो।

कार्यक्रममा मोरंग व्यापार व्यापार संघका अध्यक्ष, पदाधिकारीहरु, कार्य समितिहरु सहित महिला उद्यम समितिकी संयोजक र सदस्यहरु र युवा उद्यम समितिका संयोजकको सहभागिता रहेको थियो।

# योग्यता नभएको नक्कली डाक्टर



विराटनगर । मोरङका दुई छुट्टाछुट्टै स्थानबाट शैक्षिक योग्यता नभएको दुई जना नक्कली चिकित्सकहरुलाई प्रहरीले पक्राउ गरेको छ ।

चिकित्सा शिक्षा सम्बन्धी शैक्षिक योग्यता प्राप्त नगरेका र कानून बमोजिम नेपाल मेडिकल काउन्सिलबाट उपचार गर्नको लागि ईजाजत पत्र प्राप्त नगरेका ब्यक्तिहरूले क्लिनिक संचालन गरी चेकाजाँच समेत गर्दै आएको थियो ।

सो सूचना प्राप्त भएको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले बैशाख १२ गते २ जनालाई पक्राउ गरेको थियो । पक्राउ पर्नेमा पथरी शनिश्चरे नगरपालिका वडा नं. १ मा रहेको श्री राम पाईल्स क्लिनिकका संचालक भारत दार्जिलिङ रानिगन्ज पानसालीका २७ बर्षीय पर्सनजित बर्मन रहेको थियो ।

त्यसैगरी सुन्दरहरैचा नगर पालिका वडा नं. ३ गछिया चौकमा रहेको कल्पना आयुर्वेदिक क्लिनिकका संचालक भारत दार्जिलिङ देवीगन्ज ग्रामपन्चायतका २९ बर्षीय सनोड मण्डल रहेको छ ।

उनीहरुले बिगत केही समय देखी आफु चिकित्सक भएको बताउँदै अबैध रुपमा क्लिनिक संचालन गर्दै आएका थिए । अबैध रुपमा क्लिनिक संचालन गरी आम नागरीकहरुको स्वास्थ्यमा खेलवाड गर्ने उनीहरुलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले उपचारमा प्रयोग गरिएको सामाग्री सहित पक्राउ गरेको थियो ।

मेडिकल काउन्सिलसँग समन्वय गरी ईलाज सम्बन्धी कसूरमा थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ ।

# ब्राउन सुगर सहित दुई पक्राउ

झापा । झापाको दुई छुट्टाछुट्टै स्थानबाट नियन्त्रीत लागुऔषध ब्राउनसुगर सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले बुधवार दिउँसो बिर्तामोड नगरपालिका वडा नं. ४ का २६ बर्षीय प्रमोद शाहलाई लागुऔषध ब्राउनसुगर सहित पक्राउ गरेको थियो ।

शाहको घर कोठाबाट प्रहरीले २ ग्राम ३०० मिलिग्राम लागुऔषध ब्राउनसुगर, नगद ११ हजार ५ सय ४० र मोवायल सेट ७ थान समेत बरामद गरेको थियो ।

त्यसैगरी बिर्तामोड नगरपालिका वडा नं. ४ को एक होटलबाट लागुऔषध ब्राउनसुगर सहित मेचीनगर नगरपालिका वडा नं. १ का ३९ बर्षीय ओम चौधरी पक्राउ परेको थियो ।

लागुऔषधको ओसार पसार भईरहेको भन्ने बिशेष सूचनाका आधारमा ईलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले चौधरीलाई बुधवार अपरान्ह ९ ग्राम लागुऔषध ब्राउनसुगर सहित पक्राउ गरेको थियो ।

लागुऔषध सहित पक्राउ परेका दुबै जनाको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।


## गाउँपालिकाको हार्दिक अनुरोध

- *सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं ।*
- *बालश्रमको प्रयोग नगरौं ।*
- *आफ्नो घरपरिसरमा कम्तिमा दुईवटा बहुवर्षिय रूख विरूवा रोपौं ।*
- *भूकम्प प्रतिरोधि घर निर्माण गरौं ।*
- *अनुपति लिएर मात्र पसल, व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।*
- *धर्म, संस्कृति र भाषाको संरक्षण गरौं ।*
- *सार्वजनिक स्थलमा फोहर नफालौं । गाउँलाई सफा राखौं ।*
- *महिला हिंसा अन्त्यका लागि आ-आफ्नै गाउँबाट काम गरौं ।*
- *जेष्ठ नागरिकलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।*

धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १


# वर्तमान विद्युत संकट सम्वन्धमा पाँचबुद्धे सुझाव

विराटनगर । मोरंग व्यापार संघ, उद्योग संगठन मोरङ र नेपालउद्योग परिसंघ, प्रदेश नं. १ ले संयुक्त रुपमा प्रेस विज्ञप्ती प्रकाशीत गरी वर्तमान विद्युत संकट सम्वन्धमा पाँच बुद्धे सुझाव प्रस्तुत गरका छन् ।

विगत केहि दिन देखि पूर्व सूचना बेगर औद्योगिक क्षेत्रमा १२ घण्टा भन्दा बढी विद्युत आपूर्ति अवरोध हुदै आएकोमा गत दुई दिन देखि २४ सै घण्टा विद्युत आपूर्ति ठप्प भएका प्रतिमोरंग व्यापार संघ, उद्योग संगठन मोरङ र नेपालउद्योग परिसंघ, प्रदेश १ को गम्भिर ध्यानाकर्षण भएपछि सुझाव प्रस्तुत गरको हो ।

उद्योग संचालनमा अक्सी जनको भूमिकानिर्वाह गर्ने विद्यूतकोनिरन्तर आपूर्तिलाई प्राधिकरणको प्रतिष्ठा मै प्रश्न चिन्हलाग्ने गरी कुनै पनि तालिका सार्वजनिक नगरी पटक पटक आपूर्ति वन्द गरि दिँद ाउत्पादनको क्रममा रहेका कच्चा पदार्थहरु खेर जानुका साथै श्रमिकहरुको व्यवस्थापन मा समेत कठिनाई उत्पन्नभएको छ । यस्तो अवस्था रही रहेमा अतिआवश्यक वस्तु लगायत सम्पूर्ण उत्पादन प्रकृयानै ठप्प भई आपूर्ति श्रृखंला अबरोध हुने तर्फ समेत सम्बन्धी निकायलाई सचेत गराउँदै हालउत्पन्न समस्याको तत्काल समाधानगर्न निम्नबमोजिम का सुझावहरु पेश गरेका छन् ।

१. लोडसेडिङ्गको तालिका सार्वजनिकगर्नुपर्ने :

विनापूर्व सूचना विद्युत लाईन अवरुद्ध हुँदा उत्पादन प्रकृयामा अवरोध हुने, कच्चा पदार्थ, मिल मेशिनरीमा क्षति तथा श्रमिकको कार्य व्यवस्थापनमा समेत कठिनाई उत्पन्न भएकोले विद्युत आपूर्तिको अवस्थालाई यथार्थ प्रस्तुत गरी लोडसेडिङ्गको तालिकाअविलम्ब सार्वजनिक गरी उद्योग सञ्चालन प्रकृयामा सहजीकरण गरिदिन अनुरोध गर्दछौं ।

२. स्वदेशीा वद्युत उत्पादन क्षमताको अधिकतमउपयोग गर्नु पर्ने:

नेपालका विद्युत उत्पादक कम्पनीहरुले नेपाल विद्यु तप्राधिकरण संग सम्झौता गरेको परिमाण भन्दा बढि विद्युत उत्पादन गर्न सक्ने अवस्थामा थपविद्युत उत्पादनलाई प्रोत्साहन गरी स्वदेशी उत्पादनलाई अधिकतम् उपयोग गरी वर्तमान संकटको समाधानगर्नु पर्ने ।

३. विद्युतको न्यायोचित वितरण गर्नु पर्ने :

वर्तमान ड्राई सिजनमा रन अफ रिभरमा आधारित विद्युत गृहबाट जडित क्षमता भन्दा कम विद्युत उत्पादन हुनुका साथै भारतबाट समेत आशातित रुपमा विद्युत उपलब्ध नभईरहेको वर्तमान अवस्थालाई मध्यनजर गरी विद्युत आपूर्ति नियमित नहुञ्जेल विद्युत आपूर्तिको समस्या राष्ट्रिय समस्याको रुपमा लिई भएकोले औद्योगिक क्षेत्रमामात्रै विद्युत अवरुद्ध नगरी पिकआवरमा उद्योग एवं ग्राहस्थ सबै क्षेत्रमा समानुपातिक र न्यायोचित वितरण गर्नु पर्ने ।

४. विद्युतको डिमान्ड शुल्क सम्बन्धमा :

विद्युत आपूर्ति बन्दभई कलकारखाना नै ठप्प भएको समयमा विद्युत डिमाण्ड शुल्कल गाउनु उपयुक्त नभएकोले उक्त समयको डिमान्ड शुल्क खारेज गरिनु पर्ने ।

५. कुटनैतिक पहलबाट समाधानखोज्नु पर्ने:

नेपाल सरकारले विद्युत आपूर्ति अवरोध हुँदा औद्योगिक क्षेत्रमा पुगेको क्षतिलाई मध्यनजर गरि कुटनीतिक पहलगरि यथाशक्य आपूर्ति नियमित गराउन पहलगर्नु पर्ने र सो संकटको समाधान खोज्नु पर्ने ।

अन्तमागत २ वर्ष देखि कोभिडको महामारीबाट थला परेका उद्योग व्यवसाय क्षेत्रले केही महिना यताभोग्नु परेको वित्तीय संकट तथा वढदो व्याजदरले मरणासन्न पुऱ्याएको अवस्थामा बिना पूर्व सूचना विद्युतमा भएको यस प्रकारको अवरोधले उद्योग कलकारखाना चलाउनै नसक्ने अवस्थासिर्जना भएको छ ।

यो अवस्थामा सम्वन्धित निकाय गम्भीर भई तत्काल विद्युत आपूर्ति सूचारु नगर्ने हो भने सम्पूर्ण उद्योगहरु वन्दगर्न वाध्यहुने र यसबाट सिर्जना हुने थपभयावह अवस्था तर्फ गम्भीर हुन सम्वन्धित पक्षलाई समयमै सचेत हुन आग्रह गर्दै आगामी मंगलबार सम्म हाम्रा मागहरुको उचित सम्बोधन भएनभने चरणबद्ध आन्दोलन गर्न बाध्यहुने वताएको छ ।

उक्त विज्ञप्तीमा नेपाल उद्योग परिसंघ प्रदेश नं. १ का अध्यक्ष भीम घिमिरे, मोरंग व्यपार संघका अध्यक्ष नवीन रिजाल र उद्योग संगठन मोरंगका कार्वाहक अध्यक्ष प्रदीप मुरारकाले हस्ताक्षर गरेका छन् ।

## गठबन्धनको...

सामाजिक न्यायको लागि पुरुषको तुलनामा महिलाको नेतृत्व प्रभावकारी देखिन्छ ।

नेपालमा २०७४ सालमा स्थानीय तह, प्रदेश, संघ, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनमा समेत गरी सबै तहमा मुलुकभरबाट ३५ हजार ९२४ जना निर्वाचित भएका थिए । दिगो विकासको लक्ष्य ५ को उपलक्ष्य ५.५ मा सन् २०३० सम्म महिलाको सहभागिता पुरुषसरह बनाउने लक्ष्यमा नेपालको भूमिका अग्रगामी हुनुपर्ने देखिन्छ । तर, गठबन्धनको नाममा पुरुष उम्मेदवारलाई मात्र प्राथमिकता दिने हो भने दिगो विकासको लक्ष्य प्राप्त गर्ने सपना मात्र हुनेछ ।

कानुनी व्यवस्था के छ ?

क) राजनीतिक दल सम्बन्धी ऐन, २०७३ : दलको संगठनात्मक संरचना विधान बमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिविम्बित हुने गरी आफ्ना सदस्यमध्येबाट त्यस्ता समितिमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता हुने व्यवस्था गर्नुपर्ने (दफा १५(३) । दलको सबै तहको समितिमा कम्तीमा एक तिहाइ महिला सदस्य हुने व्यवस्था गर्नुपर्नेछ (दफा १५ उपदफा (४) ।

ख) स्थानीय तह निर्वाचन ऐन २०७३ : धारा १७ को (४) उपदफा (१) बमोजिम मनोनयनपत्र पेश गर्दा दलले अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमध्ये ५० प्रतिशत महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेश गर्ने व्यवस्था मिलाउनुपर्नेछ । तर दलले एक जना मात्र उम्मेदवारी दिएमा यो उपदफाको प्रावधान लागू हुने छैन ।

(५) उपदफा (१) बमोजिम गाउँपालिका वा नगरपालिकाको वडा समितिका महिला वडा सदस्य पदमा मनोनयनपत्र पेश गर्दा दलले कम्तीमा एक जना दलित महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेश गर्ने व्यवस्था मिलाउनुपर्नेछ । तर दलले एक जना मात्र महिला वडा सदस्य पदमा उम्मेदवारी दिएमा यो उपदफाको प्रावधान लागू हुने छैन ।

(६) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई मनोनयन गरिएको अवस्थामा निजले मनोनयनपत्रमा आफ्नो मञ्जुरी लेखी दस्तखत समेत गर्नुपर्नेछ । (७) कुनै व्यक्तिलाई एउटा निर्वाचनको लागि बढीमा दुई मनोनयनपत्रद्वारा मनोनयन गर्न सकिनेछ ।

महिला नेतृत्वले के गर्ने ?

प्रमुख दलहरूले चुनावका योग्य जनसंख्याको करिब ४९.२ प्रतिशत रहेको महिला सहभागितालाई अवमूल्यन गरेको देखिन्छ । संवैधानिक व्यवस्था अनुरुप राज्यका हरेक निकायमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्नुपर्ने हुन्छ ।

मतदाताको संख्याको आधारमा पनि महिला प्रतिनिधिहरूको नेतृत्वको लागि योग्य हुनुपर्ने हो । महिलाले टिकट पाउने समान अवसर दिलाइदिने होइन, उनीहरूको अधिकारको दृष्टिकोणले पनि हक रहन्छ । तर, गठबन्धनको सिकारमा महिला नेतृत्व पर्ने भएकाले गठबन्धन गर्ने दलका महिला नेतृत्वहरू समयमै पार्टीभित्र प्रतिरोध गर्नुपर्ने देखिन्छ । आफ्नो स्थानीय तहको प्रतिनिधित्वको लागि संगठित आवाजहरू नेतृत्वमा पुऱ्याउन आवश्यक छ ।

अन्तरपार्टी संघर्ष र महिला नेतृत्वको लिखित रूपमा दबावमूलक हक र सहभागिता सुनिश्चितताको लागि पार्टीलाई ध्यानाकर्षण गराउनुपर्ने देखिन्छ । गठबन्धन भनेको एउटै दलको हिसाबले मूल्यांकन गरी कम्तिमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चितताको लागि ध्यानाकर्षण गर्न आवश्यक छ ।

नेपाली कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टीले साझा उम्मेदवार बनाउने निर्णय गरिरहँदा महिला कोटालाई सुनिश्चित गर्नुपर्नेछ । एमाले र राप्रपा नेपाल वा कुनै पनि दलले ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न दबाव सिर्जना गर्न आवश्यक छ ।

चुनौती के-के छन् ?

वर्तमान परिवेशमा गठबन्धन नै महिलाहरूको लागि गाँठो भएको छ । निर्वाचन आयोगले त गठबन्धनमा पनि प्रमुख पदमा ५० प्रतिशत महिला हुनुपर्ने अडानबाट पछिहटेको अवस्थाले महिला सहभागिता सकसपूर्ण रहन्छ ।

उप पद पाएकाले पनि यस पटक सो पद पाउने सम्भावना कम छ । अझै पनि कति पुरुषहरू महिलालाई दिएको कानुनी हकप्रति रुष्ट छन् । केही स्थानीय तहमा महिला र पुरुष बीच भएको विवादले पनि प्रष्ट पार्दछ ।

गठबन्धनमा तालमेल, आर्थिक चलखेल तथा टिकेप्रवृत्ति महिलाहरूको लागि अर्को चुनौती हो । अहिले अधिकांश पुरुष कार्यकर्ताहरू नेता ढोग-भेटका लागि सहर पसेको समाचार सुनिएका छन् । महिलाले घरदेखि स्थानीय तहको काममा व्यस्त हुनुपर्ने सामाजिक संरचना पनि महिलाको लागि बाधक छ ।

टिकट पाउन आर्थिक चलखेल हुने, टिकट दिने डाडुपन्यू पुरुषहरूको हातमा भएकाले पनि महिलाले अवसर नपाउन सक्छन् । पुरुषको संकीर्ण सोच, महिलाको क्षमताको अवमूल्यनले कैयन् महिला प्रमुख नेतृत्वमा आउन सकेका छैनन् जसले सामाजिक समावेशीकरण, सामाजिक न्याय, महिला हिंसा जस्ता क्षेत्रहरू ओझेलमा पर्ने सम्भावना रहिरहन्छ ।

त्यसैले राजनीतिक निर्णय, समाजको रूपान्तरण तथा विकासको प्रक्रियामा महिला सहभागिता सुनिश्चित नहुञ्जेलसम्म समावेशी, समानुपातिक, न्यायपूर्ण विकासको परिकल्पना गर्न सकिन्न । महिला नेतृत्वले सामाजिक मुद्दाको रूपान्तरणमा खेलेको भूमिकालाई पुरुषले प्रतिस्थापन गर्न सक्दैन ।

त्यसैले निर्णय प्रक्रियामा महिलाको सहभागिता नभए विकासका हरेक पक्षमा महिलाका मुद्दा मात्र होइन, विकास नै पुरुषवादी हुँदै जाने कुरामा सन्देह गर्न सकिन्छ जुन नेपाल र नेपालीको लागि दुःखद् पक्ष हुनेछ । अनलाईन खबरबाट